नेपाल सरकार

भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्रालय

**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**

# मालपोत कार्यालय

**बाणगङ्गा, बोडगाउँ, कपिलवस्तु**

banganga@dolma.gov.n
९८५७०५३८०६

**मालपोत कार्यालय, बाणगङ्गा, क.व.बाट प्रकाशित हकदावी सम्बन्धी ३५(पैतिस) दिने सार्वजनिक सूचना**

मिति :- २०८२।०५।०२

जिल्ला अर्घाखाँची साविक नरपानी गा.वि.स. वडा नं. १ भई, तहाँबाट बसाई सराई गरि जिल्ला क.व. बाणगङ्गा न.पा. वडा नं. ७ मोतिपुर, आदर्श टोल निवासी लाल विर विश्वकर्मा को नाती, कृष्ण वीर विश्वकर्माको छोरा मूल पुरुष बेल बहादुर विश्वकर्मा सुनार २०६४/०३/३१ मा परलोक भएको, निजका दुइ पत्नी जेठी धन कुमारी विश्वकर्मा सुनार र कान्छी टिका देवी विश्वकर्मा रहेका, जेठी पत्नी तर्फ चार छोरीहरु क्रमशः गीता वि.क. विष्णु विश्वकर्मा, पार्वती सुनार र सङगीता बराली बाहेक अरु कुनै छोराको जायजन्म नभएको र कान्छी पत्नी तर्फ एक छोरा र एक छोरी (छोरी विवाह भई गएको) जन्म भएको , जसमध्ये कान्छी पत्नी टिका देवी विश्वकर्मा सौता धन कुमारी विश्वकर्मा सुनारसँग संयुक्तमा रहेको जग्गा मध्येबाट आफ्नो हक हिस्साको जग्गा दर्ताफोड गरि छुट्टि भिन्न भई बसेको, जेठी पत्नी धन कुमारी विश्वकर्मा सुनारका नाउँमा जिल्ला क.व. साविक मोतिपुर वडा नं. २क कि.नं. ३८८४ क्षेत्रफल ०-०-११-२ बाँकी रहेको, यसमा ज.ध. धन कुमारी विश्वकर्मा सुनार २०८१/०५/२० मा परलोक भएको, निज जिवित रहँदासम्म सेवा संभार रेखदेख तथा मृत्यु पश्चात सामाजिक परम्परा अनुसार सदगद काजक्रिया दानपुण्य समेत चार छोरीहरुले गरेको, मृतक ज.ध. धन कुमारी विश्वकर्मा सुनारको शेषपछि नजिकको हकवाला आफु चार जना छोरीहरु बाहेक अरु कोही नरहेको भनि ७ नं. वडा कार्यालय, मोतिपुर, बाणगंगा न.पा.को मिति २०८२/०५/०१ च.नं. २२६ बाट समेत सिफारिस भई आएको हुँदा **मृतक ज.ध. धन कुमारी विश्वकर्मा सुनारका नाममा दर्ता कायम रहेको जिल्ला क.व. साविक मोतिपुर गा.वि.स. वडा नं. २क कि.नं. ३८८४ क्षेत्रफल ०-०-११-२ जग्गा तीन छोरीहरुका मञ्जुरी भई कान्छी छोरी सङगीता बरालीका नाउँमा एकलौटी नामसारी गरिपाउँ भनि मिति २०८२।०५।०१ द.नं.२४९ को माग दावी निवेदनका सम्बन्धमा** मृतक ज.ध.को अपुताली खाने नजिकको हकवाला अरु कोही भएमा, निवेदकको नाउँमा उपरोक्त कित्ता एकलौटी नामसारी गर्न नमिल्ने कुनै कारण भएमा, यस पूर्व कसैले उक्त कित्ता जग्गाको नामसारी/हक हस्तान्तरको मिसिल खडा गरि प्रक्रियामा रहेको भएमा, सरकारी, सार्वजनिक, गुठी, ऐलानी पर्ति जग्गा घुसेमा/नोक्सानी हुने भएमा कसैको हकदैया वा स्वामित्वमा असर पर्ने भएमा वा कुनै बैक/वित्तीय संस्था वा सरकारी निकायबाट वा व्यक्ति विशेषबाट रहेको रोक्कालाई असर पर्ने भएमा यो सूचना टाँस मितिले **३५(पैतिस)** दिन भित्र स-प्रमाण समेत यस कार्यालयमा उजुरी गर्नुहोला । सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता जग्गा निवेदकका नाउँमा कानून बमोजिम नामसारी भई जानेछ । पछि कसैको कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना गरिएको छ ।